नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

फोन : ४४११५६१, ४४६४६८६, ४४६२०५६, ४२००८१५
फ्याक्स : ४२०००१४
सिंहदरबार, काठमाडौं
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०७८/७९
चलानी नं. १२०४

मिति : २०७८।०९।२७

बिषय : प्रतिबद्धता सम्बन्धमा ।

श्री प्रमुखज्यू
स्थानीय तह सबै।

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी तुल्याउन नेपाल सरकार तथा विश्व बैंक बीच सम्झौता भई यस विभाग अन्तर्गत विश्व बैंकको ऋण सहयोगमा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (Strengthining Systems for Social Protection and Civil Registration Project) कार्यान्वयनमा रहेको छ । यस आयोजनाको मूल उद्देश्य सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गर्ने र सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा सुधार गर्नु हो ।

यसै कार्यका लागि सबै स्थानीय तहमा कम्तीमा १/१ जना एम.आई.यस. अपरेटर र फिल्ड सहायक रहने गरी सेवा इकाई गठन गरी कार्य सञ्चालन गरिएको र निजहरुको एक चौमासिक वापत हुन आउने बजेट यस आ.व.२०७८/७९ मा साझेदारी गरिएको विषय तहाँ विदितै छ । तथापि आयोजनाको उद्देश्य लक्षित समयानुसार हासिल गर्न नसकेको कारण आयोजनाको म्याद वि. सं. २०८० असार मसान्तसम्म थप भएको र सो समयावधिसम्म तहाँ स्थानीय तहहरुमा कार्यरत सबै एम.आई.यस. अपरेटर र फिल्ड सहायकहरुलाई निरन्तरता दिन स्रोत अपुग हुने अवस्था भएकोले तहाँ स्थानीय तहको श्रोत साझेदारीमा आगामी आ.ब.को लागि बजेट व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

अतः तहाँ कार्यालयबाट आगामी आ.ब. २०७९/८० को लागि उल्लिखित सेवा ईकाइमा कार्यरत जनशक्तिको पारिश्रमिक रकमको आधा रकम अर्थात् छ महिना बराबर हुन आउने बजेट साझेदारीको लागि अनुरोध छ । सोको लागि एक हप्ता भित्रमा श्रोत साझेदारी प्रतिवद्दतापत्र यस विभागको इमेल ठेगाना info@donidcr.gov.np मा पठाई दिनुहुन निर्णयानुसार अनुरोध छ ।

२०७८।०९।२७
............
(पवन कुमार गुप्ता)
शाखा अधिकृत